# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**नदीजन्य पदार्थको विक्रि शुल्क संकलनका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना**

दोश्रो पटक प्रकाशित मिति : २०७७/०७/०२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क र यस गोदावरी नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १२ (१) को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र (E-Bidding) प्रक्रियामा सहभागी हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

तपशिल :

| क्र.सं. | आन्तिरीक आय बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) रु. | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | GM/G/NCB/3/2077/78 | खुटिया नदीबाट नदीजन्य पदार्थ विक्री शुल्क संकलन | ४८,०००,०००।- (चार करोड असी लाख) | कबोल अंकको ५% | ५,०००।- |

शर्तहरु :

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत एन.आई.सी.यसिया बैंक, अत्तरीया शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरीक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना दोश्रो पटक प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंकमा रहेको आन्तरीक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफ्ले कबोल गरेको अंकको ५% (पाँच प्रतिशत्) को दरले हुन

आउने धरौटी रकम यस कार्यालयको एन.आई.सी.यसिया बैंक, अत्तरीया शाखा कार्यालयमा रहेका धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ जम्मा थरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० ( एक सय विश) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं./मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:००. बजे भित्र विद्युतिय प्रति दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिनको दिउँसो २:०० बजे गोदावरी नगरपालिका कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्विकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ३० (तिस) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्तावापत ७० (सत्तरी) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७८ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत मू.अ.कर वापतको रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सर्न्दभमा यस कार्यालयबाट गरिएको वातावरणिय अध्ययन प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सम्बन्धीत स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

९. ठेक्का अवधी २०७७ सालको सम्झौता भएको मितिदेखि २०७८ सालको ज्येष्ठ मसान्तसम्म हुनेछ ।

१०. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन ।

११. ठेकेदारले नेपाल सरकार तथा नगरपालिकाको कार्यालय कैलालीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१२. बुँदा नं. १० बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा १ महिना थप अवधिसम्मको गोदावरी नगरपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ ।

१३. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अङ्कको ३०% ले हुन आउने रकम |
| दोस्रो | २०७७ साल माघ मसान्त भित्र | कबोल अङ्कको ४०% ले हुन आउने रकम |
| तेस्रो | २०७८ बैशाष मसान्त भित्र | कबोल अङ्कको बाँकी ३०% ले हुन आउने रकम |

१४. ठेकेदारले सम्झौता पत्रमा, पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा बिक्री शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी शुल्क संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

१५. प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१६. नगरपालिका कार्यालय कैलालीले तोकेको शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१७. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी नदीजन्य पदार्थको बिक्री शुल्क संकलन गर्न पाईने छैन ।

१८. ठेकेदारले नगरपालिको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९. गोदावरी नगरपालिका कार्यालय, कैलाली संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE नभएको स्थानबाट ढुङ्गा, गिटी, बालुवा , ग्रावेल, भरान, माटो संकलन उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्नेछ ।

२०. ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी भरान माटो झिक्नु पर्ने घाटगद्धी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान माटो लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्विकृति लिने कार्य स्वंय ठेकेदारले नै गर्नुपर्नेछ ।

२१. नदीको किनारबाट भु क्षय हुने गरी डिल भिर भित्तो खन्न खोरस गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान निकाल्न रोक लगाउनु पर्नेछ । त्यसरी निकालेको पाईएमा उक्त कार्य गर्ने ढुवानी साधानहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ ।

२२. राजमार्गको र पुलको उत्तर-दक्षिण ५०० मिटर भित्र ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान माटो आदी निकाल्न नियमानुसार रोक लागेको हुनाले उक्त स्थानबाट नदीजन्य पदार्थ संकलन/उत्खनन गर्न पाईने छैन ।

२३. नदी, खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत क्ष्भ्भ ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमती लिनुपर्ने छ । नगरपालिकाको अनुमती नलिई ठुला मशिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाईने छैन ।

२४. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान माटो छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२५. ठेकेदारले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२६. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

२७. ठेकेदारले ३/३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२८. ठेकेदारले नदी जन्य पदार्थ संकलन उत्खनन् हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोनु पर्नेछ र बिक्री शुल्क संकलन गर्ने दर प्रति घन मिटर रु. ७५/- (अक्षरुपी पचहत्तर) र सो को मू.अ.कर समेत हुनेछ ।

२९. विहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ ।

३०. खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

३१. नेपाल सरकारले विक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस गोदावरी नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदी जन्य पदार्थ संकलन/उत्खनन गरे वापत नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

३२. नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन यसरी घाटगद्धी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाईएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

३३. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

३४. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार गोदावरी नगरपालिकामा सुरक्षित रहनेछ ।

३५. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**नि.प्रमुख प्रशासकिय अधिकृत**